# नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशन कार्यविधि, २०८२

**प्रस्तावनाः** नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा १७ को उपधारा (२) बमोजिम बोलाईएको विशेष केन्द्रीय महाधिवेशनले आफनो काम कारवाहीलाई नियमित र व्यवस्थित गर्नका लागि कार्यविधी बनाउन वाञ्छनीय भएकोले, नेपाली कांग्रेस विधानको धारा १५ बमोजिम सर्वोच्च अधिकार सम्पन्न निकायलाई निहित हुने अधिकार प्रयोग गरी नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशन कार्यविधी, २०८२ बनाई लागू गरिएको छ।

## परिच्छेदः एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशनले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

(३) यो कार्यविधिको पालना गर्नु नेपाली कांग्रेस पार्टीका सबै सदस्यहरुको कर्तव्य हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "विधान " भन्नाले नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) लाई सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले नेपाली कांग्रेसको नियमावली,२०७६ लाई सम्झनु पर्छ।

(ग) "निवेदनकर्ता" भन्नाले नेपाली कांग्रेसको विधानको धारा १७ को उपधारा (२) बमोजिम विशेष केन्द्रीय महाधिवेशनको माग गर्ने हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिहरुलाई सम्झनुपर्छ।

(घ) "प्रस्ताव" भन्नाले नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशनमा प्रस्तुत हुने राजनीतिक, सांगठिक, नीतिगत, केन्द्रिय कार्य समितिको चयन र विधान संशोधन लगायतका विषयमा प्रस्तुत भइ निर्णय गर्ने प्रस्तावलाई सम्झनुपर्छ।

Media cell

(ङ) "विशेष केन्द्रीय महाधिवेशन" भन्नाले नेपाली कांग्रेसको विधानको धारा १७ को उपधारा (२) बमोजिम मिति २०८२ असोज २९ गते केन्द्रलाई अनुरोध गरी मिति २०८२ पौष २७,२८ गते आयोजना हुने गरी बोलाइएको विशेष केन्द्रीय महाधिवेशनलाई सम्झनु पर्छ।

(च) "महाधिवेशन प्रतिनिधी" भन्नाले नेपाली कांग्रेसको चौधौं महाधिवेशनका महाधिवेशन प्रतिनिधिहरुलाई बुझाउँछ ।

(छ) "आयोजक" भन्नाले नेपाली कांग्रेसको विधानको धारा १७ को उपधारा (२) विशेष केन्द्रीय महाधिवेशन माग गर्ने हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिहरुलाई सम्झनु पर्छ।

## परिच्छेदः दुई

## विशेष केन्द्रीय महाधिवेशन सन्चालन सम्बन्धी व्यवस्था

३. विशेष केन्द्रीय महाधिवेशनको अध्यक्षताः विशेष केन्द्रीय महाधिवेशनको अध्यक्षता नेपाली कांग्रेस पार्टीको सभापतिले गर्नेछन्, निज अनुपस्थित भएको खण्डमा महाधिवेशनमा उपस्थित जेष्ठ सदस्यले गर्ने छन ।

स्पष्टिकरणः जेष्ठ सदस्यको अध्यक्षतामा विशेष केन्द्रीय महाधिवेशनको बन्द सत्र सञ्चालन भएको अवस्थामा बन्द सत्र कार्यक्रमको सहजता र निरन्तरताको लागि महाधिवेशन प्रतिनिधिहरु मध्ये ५ सदस्यीय अध्यक्षता मण्डल गठन गरिने छ । यसरी गठन भएको अध्यक्ष मण्डलका सदस्यहरुबाट आलोपालो बन्द सत्र सञ्चालन हुनेछ ।

४. विशेष केन्द्रीय महाधिवेशनको कार्यविधिः (१) विशेष केन्द्रीय महाधिवेशनको काम कर्तव्य र अधिकार विधानको धारा १६ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) धारा १६ को उपधारा (१) बमोजिम केन्द्रीय महाधिवेशनलाई प्रदान गरिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त देहायको विषय समेत विशेष केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार भित्र पर्दछः

(क) विशेष केन्द्रीय महाधिवेशनको उद्धघाटन सत्रको प्रारम्भ र समापन;

(ख) विशेष केन्द्रीय महाधिवेशनमा नेपाली कांग्रेसको विशेष केन्द्रीय महाधिवेशन कार्यविधि, २०८२ को प्रस्ताव पेस गरिनेछ;

Meeting centre

(ग) उद्घघाटन सत्रको समाप्ती पश्चात विशेष केन्द्रीय महाधिवेशनको बन्द सत्रको प्रारम्भ, बन्द सत्रमा पेश हुने प्रस्ताव र सोको निर्णय।

५. <u>विशेष केन्द्रीय महाधिवेशनको निमित्त पेश गरिने प्रस्तावहरु:</u> (१) विशेष केन्द्रिय महाधिवेशनको निमित्त पेश गरिने प्रस्तावहरु देहाय बमोजिम हुनेछन्:

(क) समसामयीक राजनीतिक समिक्षा;

(ख) राजनीतिक तथा पार्टिको नीति;

(ग) विधानमा आवश्यक संशोधन, परिमार्जन र पार्टिको संरचनागत र संगठनिक सुधार;

(घ) नेपाली कांग्रेसको चौधौं महाधिवेशन २०७८ (मंसिर २४ देखी २८) बाट निर्वाचित मौजुदा केन्द्रिय कार्य समितिको पदावधि समाप्त भईसकेकोले केन्द्रिय कार्यसमितिको विघटन गर्ने र नेपाली कांग्रेसको १५ औ महाधीवेशन सम्पन्न नहुँदा सम्मको लागी नँया केन्द्रिय कार्यसमितिको निर्वाचन;

(ङ) नेपाली कांग्रेसको चौधौं महाधिवेशन पश्चात नेपाली काँग्रसको विधान, २०१७ (संशोधन सहित) बमोजिम विभिन्न मितिमा गठित केन्द्रीय निर्वाचन समिति, केन्द्रीय अनुशासन समिति र केन्द्रीय लेखा समिति समेतको विघटन;

(च) विशेष केन्द्रीय महाधिवेशनबाट केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न गर्न विधानको धारा ३५ बमोजिम एक (१) जना संयोजक सहित पाँच (५) सदस्यीय निर्वाचन समिति गठन;

(छ) विशेष केन्द्रीय महाधिवेशनले गरेको निर्णय प्रमाणित गर्नका लागि संयोजक सहित ५ सदस्यीय निर्णय प्रमाणिकरण समिति गठन;

(ज) केन्द्रिय कार्य समिति र केन्द्रिय कार्य सम्पदान समितिले गरेका निर्णयहरुको पुनरावलोकन, सुधार र आवश्यक देखिएमा उक्त समितिका निर्णयहरु निष्क्रिय तथा खारेजी;

(झ) मिति २०८२ पौष <u>२७ र २८ गते बोलाईएको विशेष केन्द्रिय महाधिवेशन</u> वैधानिक रहेको भनि अनुमोदन।

(२) उपदफा (१) का विषयहरुमा केन्द्रीय महामन्त्रीहरुले प्रतिवेदन, प्रस्ताव पेश गर्न सक्नेछन्।

Media Center

६. **प्रस्तावमा निर्णय र प्रतिवेदनः** (१) विधानको धारा १७ को उपधारा (२) बमोजिम कारण खुलाई विशेष केन्द्रीय महाधिवेशनको बैठक बोलाउन केन्द्र समक्ष लिखित अनुरोध गर्ने अनुरोधकर्ताको तर्फबाट महाधिवेशन प्रतिनिधिहरुलाई विशेष केन्द्रीय महाधिवेशन बोलाउनु पर्नाको कारणबारे जानकारी गराउने छन ।

(२) यस कार्यविधिको दफा ५ मा उल्लेखित प्रस्तावहरु विशेष केन्द्रीय महाधिवेशनमा छलफल गरिने छ।

(३) उपदफा (२) बमोजिम विशेष केन्द्रीय महाधिवेशनमा पेस भएको प्रस्तावमा आवश्यकतानुसार समुहगत रुपमा वा संयुक्त रुपमा दफावार छलफल हुनेछ।

(४) केन्द्रिय महामन्त्रीहरुबाट पेश भएको प्रस्ताव तथा प्रतिवेदनमा छलफल गरी आवश्यक निर्णय सहित पारित गरिनेछ।

(५) विशेष केन्द्रीय महाधिवेशनमा पेश भएका प्रस्तावहरु बहुमत महाधिवेशन प्रतिनिधिहरुको ध्वनी मतको आधारमा पारित भएको मानिने छ ।

७. **गणपुरक संख्याः** विशेष केन्द्रीय महाधिवेशनका लागि विधानको धारा ४६ बमोजिम पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थितीलाई गणपुरक संख्या मानिने छ।

## परिच्छेदः तीन

## निर्वाचन सम्वन्धी व्यवस्था

८. **केन्द्रीय निर्वाचन समितिः** (१) विधानको धारा १७ को उपधारा (१) बमोजिम नियमित महाधिवेशन सम्पन्न नहुन्जेल सम्मका लागि विधानको धारा १६ को उपधारा (१) बमोजिम केन्द्रीय महाधिवेशनको काम,कर्तव्य र अधिकार भित्र रही महाधिवेशन प्रतिनिधहरुले विधानको धारा २१ बमोजिमको केन्द्रीय कार्य समितिको निर्वाचन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्रीय कार्यसमितिको निर्वाचन प्रयोजनका लागि एक जना संयोजक सहित गरी पाँच सदस्यीय निर्वाचन समिति गठन गरिने छ ।

(३) उपदफा (२) बमोजिम गठन भएको निर्वाचन समितिले निर्वाचन सम्वन्धी कार्यविधी/निर्देशिका आफै तय गरी निर्वाचन सम्पन्न गर्न सक्ने छ ।

९. <u>बाधा अडकाउ फुकाउन सक्ने:</u> विधानमा र यस कार्यविधिमा लेखिएको कुनै व्यवस्थाले विशेष केन्द्रीय महाधिवेशनको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा विशेष केन्द्रीय महाधिवेशनले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।